बेथानचोक गाउँपालिका
काभ्रेपलाञ्चोक, ३ नं. प्रदेश

# स्थानीय राजपत्र

खण्ड: १ संख्या: ४ मितिः २०७५/०४/०५

## भाग-१

## बेथानचोक गाउँपालिका

## बेथानचोक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने नियमावली, २०७५

गाउँसभाबाट पारित मिति : २०७५।०३।३०
प्रमाणिकरण मिति : २०७५।०४।०५

बेथानचोक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको प्रभावकारी कार्यान्वयनका लागि बेथानचोक गाउँकार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद : १

## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**(१) यो नियमावलीको नाम बेथानचोक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने नियमावली, २०७५ रहेको छ ।

(२) यो नियमावली बेथानचोक गाउँपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले बेथानचोक गाउँपालिकाको "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ सम्झनु" पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बेथानचोक गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले बेथानचोक गाउँपालिका सम्झनु पर्छ ।

(घ) "स्थानीय ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

## परिच्छेदः २

## कार्यविधि, निर्देशिका, मार्गदर्शन, मापदण्ड बनाउने सम्बन्धी व्यवस्था

**३. कार्यविधि, निर्देशिका, मार्गदर्शन, मापदण्ड बनाउने अधिकारः** (१) नेपालको संविधान, स्थानीय ऐन तथा बेथानचोक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को उद्देश्य पूरा गर्न र बेथानचोक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने नियमावली, २०७५ को प्रभावकारी कार्यान्वयन गर्नका लागि गाउँपालिकालाई तोकिएका विषयगत

अधिकार क्षेत्रभित्र आवश्यक पर्ने कार्यविधि, निर्देशिका, मार्गदर्शन, मापदण्ड बनाउन सक्नेछ ।

(२) उपनियम (१) वमोजिम कार्यविधि, निर्देशिका, मार्गदर्शन, मापदण्ड बनाउँदा नेपालको संविधान र संघीय तथा प्रदेश कानून बमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

## परिच्छेदः ३

## विविध

४. **बाधा अड्काउ फुकाउने अधिकारः** यो नियमावली कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा र यसमा उल्लेख नभएका विषयमा कुनै व्यवस्था गर्न आवश्यक परेमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

५. **संशोधन गर्ने सम्बन्धी व्यवस्थाः** यस नियमावलीलाई गाउँ कार्यपालिकाले आवश्यकताको आधारमा संशोधन गर्न र अन्य नियमावली बनाइ लागू गर्न सक्नेछ ।

६. **अन्तिम व्याख्या गर्ने अधिकारः** यस नियमावलीको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

७. **खारेजी र बचाउः** यस नियमावलीमा लेखिएका कुनै विषय प्रचलित ऐन कानुन सँग बाझिन आएमा सो बाझिएको हदसम्म निष्क्रिय हुनेछ ।

**आज्ञाले,**
**टेकराज आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**